# सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष कर्मचारी छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८०

सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष (यसपछि कोष भनिएको) को रिक्त पदमा खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्न सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन २०७५ को दफा ३६ को उपदफा (१) बमोजिम कोष सञ्चालक समितिले यो संक्षिप्त कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष कर्मचारी छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **दरखास्त आह्वानः** (१) कोषको रिक्त पदको पूर्तिका लागि कम्तिमा १५ दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिका र कोषको वेवसाईटमा समेत अनुसूची १ बमोजिमको ढाँचाको सूचना प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र तीन जनाभन्दा कम आवेदकको दरखास्त परेको अवस्थामा पहिलो चरणमा परेका दरखास्तलाई यथावत राखी थप दरखास्तको लागि सात दिनको म्याद दिई पुनः दरखास्त आह्वान गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिमा आवेदन नपरे पनि छनौट प्रक्रिया अघि बढाउन बाधा पर्ने छैन।

३. **उम्मेदवारको योग्यता र अनुभवः** दरखास्त दिने उम्मेदवारको योग्यता र अनुभव देहाय बमोजिम हुनु पर्नेछः-

**(क) उप-कार्यकारी निर्देशक तह - ९ को हकमाः**

(१) नेपाली नागरिक,

(२) २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको,

(३) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र वा व्यवस्थापन वा ग्रामीण विकास वा समाजशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(४) सरकारी वा गैरसरकारी संस्था वा कुनै बैङ्क तथा वित्तीय संस्थामा अधिकृतस्तरको पदमा रही कम्तीमा पाँच वर्ष काम गरेको ।

**(ख) सहायकस्तर तह - ४ को हकमाः**

(१) नेपाली नागरिक,

(२) १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको,

(३) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी. वा एस.इ.इ. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

**(ग) कम्प्युटर अपरेटर सहायकस्तर तह - ४ को हकमाः**

(१) नेपाली नागरिक,

(२) १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको,

(३) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी. वा एस.इ.इ वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा एस.इ.इ. वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ३ (तीन) महिनाको कम्प्युटर तालिम प्राप्त गरेको।

४. **दरखास्तसाथ छनौट तथा सिफारिस समितिको सचिवालयमा पेस गर्नुपर्ने कागजात तथा विवरणः** (१) दरखास्त दिने उम्मेदवारले देहाय बमोजिमको कागजात र विवरण पेस गर्नु पर्नेछः-

(क) अनुसूची २ बमोजिमको दरखास्त फाराम ।

(ख) अनुसूची ३ बमोजिमको स्व घोषणा फाराम ।

(ग) निज स्वयंले प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र तालिम तथा अनुभव आवश्यक पर्ने पदको हकमा सो को प्रमाणपत्रको प्रतिलिपि ।

(घ) सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाइल नम्बर र घर ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) ।

(ङ) निवेदकले पेश गरेका कागजातका सबै पानामा निवेदक स्वयंले प्रमाणित गरेको हुनु पर्नेछ ।

५. **सक्कल कागजात पेस गर्नु पर्ने:** अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारले अन्तर्वार्ताको दिन नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र तालिम तथा अनुभव आवश्यक पर्ने पदको हकमा तालिम तथा अनुभवको सक्कल प्रति समेत साथमा ल्याउनु पर्नेछ ।

६. **स्वघोषणा गर्नु पर्ने:** दरखास्तसाथ निवेदकले देहाय बमोजिमको व्यहोरा रहेको अनुसूची ३ बमोजिमको स्वघोषणा विवरण पेस गर्नु पर्नेछः-

(क) कुनै राजनीतिक दलको सदस्य नभएको,

(ख) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको,

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको,

(घ) प्रचलित कानुन बमोजिम कालो सूचीमा नरहेको,

(ङ) विदेशी मुलुकको स्थायी बसोवासको अनुमति प्राप्त नगरेको,

(च) सार्वजनिक निकायमा कुनै लाभको पद धारण नगरेको,

(छ) प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको ।

७. **उप-कार्यकारी निर्देशक, सहायकस्तर चौथो तथा कम्प्युटर अपरेटरको काम, कर्तव्य र अधिकारः** उप-कार्यकारी निर्देशक, सहायकस्तर चौथो तथा कम्प्युटर अपरेटरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उप-कार्यकारी निर्देशकको काम कर्तव्य र अधिकार सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन २०७५, सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष नियमावली, २०७६ बमोजिम कोषको स्वीकृत अस्थायी संगठन संरचनामा उल्लेख भए बमोजिम तथा सञ्चालक समिति र कार्यकारी निर्देशकले समय समयमा दिएका निर्देशन बमोजिम हुनेछ ।

(ख) सहायकस्तर चौथो तथा कम्प्युटर अपरेटरको काम कर्तव्य र अधिकार सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५, सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष नियमावली, २०७६ बमोजिम कोषको स्वीकृत अस्थायी संगठन संरचनामा उल्लेख भए बमोजिम हुनेछ।

८. <u>**उम्मेदवारको मूल्याङ्कन सम्बन्धी आधार र अङ्कभार:**</u> (१) उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अङ्कभार र सोको वर्गीकरण देहाय बमोजिम हुनेछः-

**(क) उप-कार्यकारी निर्देशकको तह - ९ को हकमा,**

**(अ) प्रथम चरण ८० अङ्क,**

| | |
|---|---|
| (१) शैक्षिक योग्यता | -५० अङ्क |
| (२) कार्यानुभव | -१५ अङ्क |
| (३) तालिम | -१५ अङ्क, |

**(आ) दोस्रो चरण २० अङ्क,**

| | |
|---|---|
| (४) अन्तर्वार्ता | -२० अङ्क, |
| | **पूर्णाङ्क -१०० अङ्क** |

**(ख) सहायकस्तर तह - ४ को हकमा,**

**(अ) प्रथम चरण - ६० अङ्क**

| | |
|---|---|
| (१) शैक्षिक योग्यता | -५० अङ्क |
| (२) तालिम | -१० अङ्क |

**(आ) दोस्रो चरण - ४० अङ्क**

| | |
|---|---|
| (३) कम्प्युटर सिप परीक्षण | -२० अङ्क, |
| (४) अन्तर्वार्ता | -२० अङ्क, |
| | **पूर्णाङ्क -१०० अङ्क** |

**(ग) कम्प्युटर अपरेटर तह – ४ को हकमा,**

**(अ) प्रथम चरण - ५० अङ्क**

| | |
|---|---|
| (१) शैक्षिक योग्यता | -४० अङ्क |
| (२) तालिम | -१० अङ्क |

**(आ) दोस्रो चरण - ५० अङ्क**

| | |
|---|---|
| (३) कम्प्युटर सिप परीक्षण | ३० अङ्क, |
| (४) अन्तर्वार्ता | २० अङ्क, |
| | **पूर्णाङ्क -१०० अङ्क** |

(२) उप-कार्यकारी निर्देशक पदको उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव, तालिम तथा अन्तर्वार्ता बापतको प्राप्त हुने अङ्क गणना देहाय बमोजिम हुनेछः-

| (क) शैक्षिक योग्यता बापत - ५० | प्राप्त हुने अङ्क |
|---|---|
| १. न्यूनतम योग्यता (स्नातकोत्तर तह) | |
| क. प्रथम श्रेणी | ४० |
| ख. द्वितीय श्रेणी | ३५ |
| ग. तृतीय श्रेणी | ३० |
| घ. न्यूनतम योग्यता भन्दा १ तह माथीको योग्यता | १० |
| **२. कार्य अनुभव (प्रशासनिक तथा व्यवस्थापन) बापत - १५** | **प्राप्त हुने अङ्क** |
| क. ५ वर्ष ( आवश्यक न्यूनतम अवधीको ) | १० |
| ख. ५- वर्ष माथी | प्रति वर्ष १ अंकले अधिकतम ५, जम्मा १५ |
| **३. तालिम** - (प्रशासनिक, व्यवस्थापकिय, बैङ्किङग, रोजगार, स्वरोजगार, उद्यमशिलता सहकारी, वित्तीय क्षेत्रसंग सम्बन्धित तालिम) बापत १५ | **प्राप्त हुने अङ्क** तालिम कार्य दिन २ को १ अङ्कका दरले जम्मा १५ |
| **४. अन्तर्वार्ता - २०** | **प्राप्त हुने अङ्क** |
| क. व्यक्तित्व | ५ |
| ख. विषयवस्तुको ज्ञान | ५ |
| ग. सिर्जनशिल क्षमता | ५ |
| घ. उठाइएका विषय सम्बोधन गर्ने क्षमता | ५ |
| नोटः अन्तर्वार्ता समिति सदस्यले पूर्णाङ्कको ४०% भन्दा कम र ७०% भन्दा बढी दिनु परेमा कारण खुलाउनु पर्नेछ । | |

(३) सहायक स्तर तह ४ पदको उम्मेदवारको शैक्षिक योग्यता, तालिम, कम्प्युटर सिप परीक्षण त अन्तर्वार्ता बापतको अङ्क गणना देहाय बमोजिम हुनेछः-

| (ख) शैक्षिक योग्यता बापत - ५० | प्राप्त हुने अङ्क |
|---|---|
| १. न्यूनतम योग्यता (एस.एल.सी. तह वा सो सरह) | |
| क. प्रथम श्रेणी | ४० |
| ख. द्वितीय श्रेणी | ३५ |
| ग. तृतीय श्रेणी | ३० |
| घ. न्यूनतम योग्यता भन्दा १ तह माथीको योग्यता | १० |

| | |
|---|---|
| २. **तालिम बापत** - (प्रशासनिक, वित्तीय, विपत व्यवस्थापन, कानुन, कृषि, उद्यमशिलता सम्बन्धित तालिम ) बापत १० | **प्राप्त हुने अङ्क** तालिम कार्य दिन १ को १ अङ्कका दरले जम्मा १० |
| ३. **कम्प्युटर सिप परीक्षण** – २० | **प्राप्त हुने अङ्क** |
| क. नेपाली टाइपिङ्ग (प्रत्येक ५ शब्दका लागि १ अङ्क) | १० |
| ख. अंग्रेजी टाइपिङ्ग (प्रत्येक ७ शब्दका लागि १ अङ्क) | १० |
| ४. **अन्तर्वार्ता बापत** – २० | **प्राप्त हुने अङ्क** |
| क. व्यक्तित्व | ५ |
| ख. विषयवस्तुको ज्ञान | १० |
| ग. उठाइएका विषय सम्बोधन गर्ने क्षमता | ५ |
| *नोटः अन्तर्वार्ता समिति सदस्यले पूर्णाङ्कको ४०% भन्दा कम र ७०% भन्दा बढी दिनु परेमा कारण खुलाउनु पर्नेछ ।* | |

(४) कम्प्युटर अपरेटर सहायक तह ४ पदको उम्मेदवारको शैक्षिक योग्यता, तालिम, कम्प्युटर सिप परीक्षण तथा अन्तर्वार्ता बापतको अङ्क गणना देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| **(ग) शैक्षिक योग्यता बापत** - ४० | **प्राप्त हुने अङ्क** |
| १. **न्यूनतम योग्यता (एस.एल.सी. तह वा सो सरह)** | |
| क. प्रथम श्रेणी | ३० |
| ख. द्वितीय श्रेणी | २५ |
| ग. तृतीय श्रेणी | २० |
| घ. न्यूनतम योग्यता भन्दा १ तह माथीको योग्यता | १० |
| २. **तालिम बापत** - (प्रशासनिक, वित्तीय, विपत व्यवस्थापन, कानुन, कृषि, उद्यमशिलता सम्बन्धित तालिम ) बापत १० | **प्राप्त हुने अङ्क** तालिम कार्य दिन १ को १ अङ्कका दरले जम्मा १० |
| ३. **कम्प्युटर सिप परीक्षण** – ३० | **प्राप्त हुने अङ्क** |
| क. नेपाली टाइपिङ्ग (प्रत्येक ५ शब्दका लागि १ अङ्क) | १० |
| ख. अंग्रेजी टाइपिङ्ग (प्रत्येक ७ शब्दका लागि १ अङ्क) | १० |
| ग. स्प्रेडसिट संचालन | ५ |
| घ. पावर पोईन्ट संचालन | ५ |
| ४. **अन्तर्वार्ता बापत** – २० | **प्राप्त हुने अङ्क** |
| क. व्यक्तित्व | ५ |
| ख. विषयवस्तुको ज्ञान | १० |
| ग. उठाइएका विषय सम्बोधन गर्ने क्षमता | ५ |
| *नोटः अन्तर्वार्ता समितिका सदस्यले पूर्णाङ्कको ४०% भन्दा कम र ७०% भन्दा बढी दिनु परेमा कारण खुलाउनु पर्नेछ ।* | |

९. **संक्षिप्त सूची प्रकाशनः** (१) दफा ८ बमोजिमको प्रथम चरणको अङ्कभार बमोजिम उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्येबाट तेस्रो उच्चतम अङ्क प्राप्त गर्ने सम्मका तीन जना उम्मेदवारलाई दोस्रो चरणको छनौट कार्यका लागि संक्षिप्त सूची तयार गरिनेछ। तेस्रो उच्चतम अङ्क प्राप्त गर्ने एक जना भन्दा बढि भएमा उक्त अंङ्क प्राप्त गर्ने सबै उम्मेदवार दोस्रो चरणको संक्षिप्त सूचीमा समावेस गरिनेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको संक्षिप्त सूची, सिप परीक्षण तथा अन्तर्वार्ता हुने मिति, समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा र कोषको वेवसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

१०. **अन्तर्वार्ता र सिप परीक्षण सम्बन्धमाः** (१) दफा ९ बमोजिम दोस्रो चरणका लागि छनौट भएका उम्मेदवारले तोकिएको मिति, स्थान र समयमा उपस्थित भई अन्तर्वार्ता तथा सिप परीक्षणमा सहभागी हुनु पर्नेछ ।

(२) उपकार्यकारी निर्देशक तह - ९ को दोस्रो चरणको छनौट अन्तर्वार्ता विधिबाट हुनेछ ।

(३) सहायक स्तर तह - ४ र कम्प्युटर अपरेटर सहायक स्तर तह - ४ को दोस्रो चरणको छनौट कम्प्युटर सिप परीक्षण र अन्तर्वार्ता विधिबाट हुनेछ। कम्प्युटर सिप परीक्षण समेत अन्तर्वार्ता हुने मिति, समय र स्थानमा हुनेछ ।

११. **अन्तर्वार्ता र सिप परीक्षण समितिः** (१) कोषको उपकार्यकारी निर्देशक नवौं तहका लागि देहायको अन्तर्वार्ता समिति रहनेछः-

(क) कोषको कार्यकारी निर्देशक — अध्यक्ष

(ख) नेपाल सरकारको रा.प. प्रथम श्रेणीको बहालवाला कर्मचारी वा सेवा निवृत भएको विज्ञ वा सम्बन्धित विषयको सह प्राध्यापक वा राष्ट्र बैंकको निर्देशक वा सो सरहको कर्मचारी — सदस्य

(ग) सम्बन्धित विषयको विज्ञ — सदस्य

(२) कोषको सहायकस्तर तह - ४ र कम्प्युटर अपरेटर तह - ४ कर्मचारीका लागि देहायको अन्तवार्ता र सिप परीक्षण समिति रहनेछः-

(क) कोषको कार्यकारी निर्देशक — अध्यक्ष

(ख) नेपाल सरकार/प्रदेश सरकारको रा.प. तृतीय श्रेणी/ अधिकृत सातौं, आठौं तहको अधिकृत कर्मचारी वा सो सरहको कर्मचारी — सदस्य

(ग) सम्बन्धित विषयको विज्ञ — सदस्य

अन्तर्वार्ता तथा सिप परीक्षण समितिले यस कार्यविधिमा उल्लिखित प्रक्रियाका अतिरिक्त अन्तर्वार्ता सम्बन्धी सामान्य सिद्धान्तको परिपालना गर्नेछ।

१२. **सिफारिस गर्नेः** दफा ९ को उपदफा (२) बमोजिम संक्षिप्त सूचीमा छनौट भएकामध्ये अन्तर्वार्ता र सिप परीक्षणमा सामेल भएका उम्मेदवारले प्राप्त गरेको प्रथम चरण र दोस्रो चरणको कुल योगफलका आधारमा उच्चतम अङ्क प्राप्त गर्ने एक जनाको नाम मुख्य उम्मेदवार र दोस्रो उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारलाई वैकल्पिक उम्मेदवारको रुपमा सञ्चालक समिति समक्ष नियुक्तिका लागि सिफारिस गरिनेछ।

तर योग्यताक्रममा वैकल्पिक उम्मेदवार कायम नभए पनि मुख्य उम्मेदवार सिफारिस र नियुक्ति गर्न कुनै बाधा पर्ने छैन।

१३. **छनौट उपसमिति सचिवालयः** (१) छनौट उप-समितिको सचिवालय सम्बन्धी कार्य कोषको प्रशासन शाखाले गर्नेछ।

(२) उप-समितिले कार्यविधिमा रहेका अनुसूचीहरुमा आवश्यक पर्ने मिति, बैंक खाता नम्वर, राजस्व शीर्षक नम्वर जस्ता विषय समावेस र समायोजन गर्न सक्नेछ ।

१४. **रद्ध गर्न सक्नेः** कर्मचारी छनौट तथा सिफारिसका लागि आह्वान गरिएको सूचना एवम् सम्पूर्ण प्रक्रिया उपसमितिले उपयुक्त ठानेमा आधार र कारण खोली रद्ध गर्न सक्नेछ ।

१५. **द्विविधा भएमा गर्नेः** यस कार्यविधि बमोजिम कर्मचारी छनौट प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएमा सञ्चालक समितिले आवश्यक व्याख्या गरी निर्णय गरे बमोजिम हुनेछ ।